का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ पुस २०८१,
शुक्रबार
27 December, 2024
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक ३०८ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अख्तियारमाथि नै आशंका !




**सार्वजनिक जग्गा हिनामिना र आर्थिक अनियमिततासँग जोडिएका एकपछि अर्को मुद्दामा विशेष अदालतले अख्तियारको अनुसन्धानको निष्पक्षतामा प्रश्न उठाउन थालेको हो । यसले सुशासन स्थापनामै चुनौती खडा गर्न सक्ने सरोकारवालाहरूको चिन्ता छ**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ पुस ।

विशेष अदालतले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निष्पक्षतामा एकपछि अर्को मुद्दामा प्रश्न उठाउन थालेको छ ।

हालै पशुपतिमा सुनको जलहरीका सम्बन्धमा गरिएको अनुसन्धानका क्रममा अख्तियार पूर्वाग्रही रूपमा प्रस्तुत भएको अदालतले टिप्पणी गरेको छ ।

पशुपतिनाथ मन्दिरमा सुनको जलहरी राख्दा भ्रष्टाचार भएको भनेर संसद्मा समेत प्रश्न उठेपछि अख्तियारमा उजुरी परेको थियो । त्यस आधारमा अख्तियारले अनुसन्धान गरेर दायर गरेको भ्रष्टाचार मुद्दाको व्याख्यामा विशेष अदालतले अख्तियारबाट अभियोजनका क्रममा स्वच्छता र समानताको सिद्धान्त परिपालना नभएको व्याख्या गरेको हो ।

'अभियोजकले कुनै पूर्वाग्रह राखेर असमान र कपटपूर्ण अभियोजन गर्ला भनेर त परिकल्पना पनि गर्न सकिँदैन । भ्रष्टाचार जस्तो गम्भीर कसुरको अभियोग लगाउँदा सिद्धान्ततः स्वच्छता समानता र त्यसबाट पर्ने सामाजिक प्रभावलाई समेत विचार गरिनु बाञ्छनीय हुन आउँछ', फैसलामा भनिएको छ ।

अनुसन्धान प्रतिवेदनअनुसार जलहरी निर्माणका लागि नेपाल राष्ट्र बैंकबाट सुन ल्याइएको थियो । मुचुल्का गरेर सेफमा राखिएको उक्त सुनलाई बाहिरबाट नेपाली सेनाले सुरक्षा दिएको थियो ।

तर, मुचुल्कामा संलग्न सबैलाई अनुसन्धान गरी मुद्दा दायर नगरी केहीलाई मुद्दा लगाएर केहीलाई छाडेको भनेर विशेष अदालतले अख्तियारको अनुसन्धानको निष्पक्षतामा प्रश्न उठाएको हो ।

फैसलाको पूर्ण पाठमा भनिएको छ, 'समान भूमिकामा रहेका समान जिम्मेवारी लिएका सोही स्तरका व्यक्तिमाथि कसै उपर मुद्दा चलाउने र कसै उपर नचलाउने निर्णय गरी असमान ढंगले आरोपित गरियो भने त्यो पूर्वाग्रही अभियोजन (सेलेक्टिभ प्रोसिक्युसन) हुन जान्छ ।'

अख्तियारको निष्पक्षतामा अदालतले पहिलो पटक प्रश्न उठाएको होइन । सार्वजनिक जग्गा हिनामिना र आर्थिक अनियमिततासँग जोडिएका एकपछि अर्को मुद्दामा अदालतले अख्तियारको अनुसन्धानको निष्पक्षतामा प्रश्न उठाउन थालेको हो ।

यसअघि विशेष अदालतले सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता भएकोसम्बन्धी २ मुद्दामा अख्तियारको अनुसन्धानको निष्पक्षतामाथि प्रश्न उठाउँदै पुनः अनुसन्धान गर्न आदेश दिएको थियो ।

ललितपुर र रुपन्देहीको सरकारी जग्गा हिनामिनासम्बन्धी मुद्दामा अख्तियारबाट निष्पक्ष अनुसन्धान हुन नसकेको भनेर विशेष अदालतले फैसलामै लेखेको हो ।

१८ माघ २०८० मा विशेष अदालतले अख्तियारले अपूरो अनुसन्धान गरेको र मुद्दा चलाउनुपर्नेहरूलाई नचलाएको ठहर गरेको थियो ।

रुपन्देहीको भैरहवा मालपोतमा मुना पासिनले आफ्नो छुट जग्गा दर्ता कायम गरिपाऊँ भनी निवेदन दिएकी थिइन् । १२ कट्ठा ८ धुर जग्गा दर्ता गरी पाऊँ भनी ३१ असार २०६७ मा निवेदन दर्ता गराएको अभिलेख छ । प्रतिवादीहरूले छुट जग्गा दर्ताका लागि माग गरेको >>> पृष्ठ २ मा

# मूर्तिमा अडिएको जिन्दगी



आफ्नो सुझबुझले भ्याएदेखि यही भगवान्को मूर्ति बनाएर बसेँ, अब जतिन्जेल बाँच्छु, यही पेसा निरन्तर चल्छ, बाँचुन्जेल यही मूर्ति बनाएर खान्छु

**जुनु भट्टराई/मध्यान्ह**
विराटनगर, ११ पुस ।

ठाउँठाउँमा चाउरी परेको गाला, हँसिलो अनुहार । उमेरले ७८ नाघ्न लागिसक्यो । विराटनगरको बरगाछीस्थित जय माँ काली मूर्तिकला केन्द्रका संचालक दिनेशकुमार मेहेतोको जोश भने १६ वर्षे जवान युवाको भन्दा कम छैन । उनको जोश देख्दा यस्तो लाग्छ कि उनले संसार जितिसकेका छन् । बस्, त्यही आफूले जितेको संसार आफ्नो दुनियाँमा सजाएर रमाइरहेका छन् उनी ।

झण्डै साढे ४ दशक अगाडि मूर्तिकला व्यवसाय सुरु गरेका मेहेतोलाई अझै पनि आफ्नो सास रहुन्जेल यही पेसालाई निरन्तरता दिएर गुजारा चलाइन्छ भन्ने लाग्छ । यसमा उनी विश्वस्त >>> पृष्ठ २ मा

## ६ महिना भ्याई नभ्याई बाँकी समय खालि

मूर्तिकलाको काम वैशाखदेखि सुरु गरे पनि माघसम्म लगातार सिजन हुन्छ । माघ महिनासम्म परिवार नै व्यस्त रहन्छन् । माघदेखि वैशाखसम्म फेरि व्यापार सुख्खा हुन्छ ।

सिजन नहुँदाको समयमा जेठो छोरा बुबासँगं मूर्तिकला केन्द्रमा गमलालगायत माटोका सामग्रीहरूको ब्यापार गर्दै आएका थिए । अहिले जेठो छोरा विदेशिएपछि नितेशले नै सबै सम्हाल्नुपरेको बाबु दिनेश बताउँछन् ।

'पहिले जस्तो ब्यापार भएको भए माहिलोलाई बाहिरको काम गर्न समय पुग्दैनथ्यो तर पहिले जस्तो समय छैन, सिजनमा यता समय दिन्छ, काम नहुँदा सिटी चलाएर खर्च जुटाउँदै छ', बाबु दिनेशले भने ।

दिनेशलाई भगवान्प्रतिको विश्वास र भरोसा देखिन्छ । उनी भन्छन्, 'भगवान् बेचेर खाँदै छु, पाप गरेँ या पुन्य, थाहा छैन ।'

# रहेनन् मनमोहन सिंह



**काठमाडौं/एजेन्सी–** भारतका पूर्वप्रधानमन्त्री मनमोहन सिंहको निधन भएको छ । ९२ वर्षीय सिंहको स्वास्थ्य बिग्रिएपछि बिहीबार साँझ दिल्लीको अखिल भारतीय आयुर्विज्ञान संस्थान (एम्स)मा भर्ना गरिएको थियो । उपचारका क्रममा उनको बिहीबार साँझ निधन भएको एम्सले जानकारी दिएको छ ।

घरमै बेहोस भएपछि उनलाई एम्सको इमर्जेन्सीमा ल्याइएको थियो, तर भारतीय समयअनुसार राति ९.५१ बजे >>> पृष्ठ २ मा

# कानुन निर्माणमा 'टाइम फ्रेम'

**समयमै कानुन निर्माण हुन नसकेका र यसले संविधान कार्यान्वयनका साथै सेवा प्रवाहमा समेत असर परेको भनेर प्रश्न उठेपछि सत्तारूढ दलहरूले कानुन निर्माणमा 'टाइम फ्रेम' प्रस्ताव गरेका हुन्**



कति दिनभित्र विधेयक कानुनमा रूपान्तरित भइसक्नुपर्ने भनेर टाइम फ्रेम राख्ने निर्णय गरेका छौं । यसबारे विपक्षी दलहरूसँग थप छलफल गरेर प्रक्रिया अगाडि बढाइने छ

**जीवन परियार**
**संसदीय मामिला विभाग प्रमुख, नेपाली कांग्रेस**

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ११ पुस ।

कानुन निर्माणमा समय सीमा तय गरिने भएको छ । यसका लागि नेपाली कांग्रेस र नेकपा एमालेको संसद्मा रहेका विधेयकबारे समन्वय गर्न गठित कार्यदलले पहल लिएको छ ।

यो संयन्त्रको पहिलो बैठक बिहीबार सिंहदरबारस्थित कांग्रेस संसदीय दलको कार्यालयमा बसेको थियो । उक्त बैठकले कानुन निर्माणमा समय सीमा तय गर्नेगरी प्रतिनिधिसभा नियमावली, राष्ट्रियसभा नियमावली र संयुक्त बैठक कार्य संचालन नियमावली संशोधन गर्ने निर्णय गरेको छ ।



*बिहीबार सिंदबारस्थित नेपाली कांग्रेसको संसदीय दलको कार्यालयमा बसेको कांग्रेस र नेकपा एमालेको 'कानुन निर्माणलाई गति दिन गठित' संयुक्त संयन्त्रको बैठक । तस्बिर : मध्यान्ह।*

२ दलीय कार्यदलमा एमालेका मुख्य सचेतक महेश बर्तौला, सचेतक सुनिता बराल, कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे, एमाले सांसद योगेश भट्टराई, कांग्रेस सांसद जीवन परियार, राष्ट्रियसभा सदस्य भगवती न्यौपानेलगायत छन् ।

२ दलीय संयन्त्रका सदस्यसमेत रहेका कांग्रेसका संसदीय मामिला विभाग प्रमुख जीवन परियारका अनुसार नियमावली संशोधनको गृहकार्य अगाडि बढाउन विपक्षी दलहरूसँग समेत छलफल गर्ने तय भएको छ । उनी भन्छन्, 'कति दिनभित्र विधेयक कानुनमा रूपान्तरित भइसक्नुपर्ने भनेर टाइम फ्रेम राख्ने निर्णय गरेका छौं । यसबारे विपक्षी दलहरूसँग थप छलफल गरेर प्रक्रिया अगाडि बढाइने छ ।' >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# मेडिकल व्यवसायी संघद्वारा स्वास्थ्य परीक्षणमा सिन्डिकेट अन्त्यको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ पुस ।

नेपाल मेडिकल व्यवसायी संघले वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षणमा देखिएको सिन्डिकेट अन्त्य गर्न श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँग माग गरेको छ । हाल श्रम मन्त्रालयअन्तर्गत वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने उद्देश्यले २१२ वटा स्वास्थ्य संस्था सूचीकरण भएका छन् ।

तीमध्ये ३६ वटा संस्थाले मलेसिया, गाम्का मेडिकलअन्तर्गत १९ वटा मेडिकलले जीसीसीअन्तर्गत खाडी राष्ट्र, कतारका लागि कतार भिसा सेन्टर, कोरिया जाने कामदारका




लागि शुक्रराज ट्रफिकल तथा सरुवा रोग अस्पताल, सिभिल अस्पताल, पाटन अस्पताल र नेपाल-कोरिया मैत्री अस्पतालले स्वास्थ्य परीक्षण गर्दै आएका छन् ।

संघले निजी क्षेत्रबाट २ अर्बभन्दा बढी लगानी रहेको र २ हजारभन्दा बढी प्राविधिक कर्मचारी र करिब १० हजार व्यक्तिहरू आश्रित रहेका अवस्थामा विभिन्न आवरणमा स्वास्थ्य परीक्षण गर्नु प्रत्यक्ष रूपमा सिन्डिकेट भएको दाबी गरेको छ ।

बिहीबार संघले काठमाडौंमा गरेको पत्रकार सम्मेलनमा अध्यक्ष तारानाथ अर्यालले व्यक्तिगत रूपमा कसैलाई गाली गलौज गर्नुभन्दा स्वास्थ्य परीक्षणमा देखिएको सिन्डिकेट अन्त्य हुनुपर्ने अडानमा संघ रहेकाले सोहीअनुसार सिन्डिकेट अन्त्यको माग गरेको बताए । उनले भने, 'सरकार सिन्डिकेट सिर्जना नहोस् भन्ने पक्षमा उभिनुपर्छ ।'

उनले स्वास्थ्य परीक्षणमा गुणस्तरीयता कायम गर्न र विदेशमा हुने स्वास्थ्य परीक्षणमा असफल भई फर्केका कामदारलाई क्षतिपूर्ति दिन संघमा आबद्ध व्यवसायी सदैव तयार रहेकाले आफूहरूले गरेको स्वास्थ्य परीक्षणको जिम्मा लिने दाबी गरे ।

संघका महासचिव कृष्णप्रसाद बजगाईंले मलेसिया >>> पृष्ठ २ मा

# ओलीले तानाशाही शैलीमा पार्टी सदस्यबाट हटाए : भीम रावल

काठमाडौं/मस-नेकपा एमालेका पूर्वउपाध्यक्ष भीम रावलले सत्ताको उन्मादमा अध्यक्ष केपी ओलीले आफूलाई हटाएको आरोप लगाएका छन्। उनले तानाशाही शैलीमा पार्टीको साधारण सदस्यबाट हटाएको आरोप लगाएका हुन्। सामाजिक सञ्जालमार्फत रावलले ओलीको आलोचना गर्दै भनेका छन्,'नेकपा (एमाले)को निर्माण र विस्तारका साथै राष्ट्रियता, स्वाधीनता, समृद्धि, जनाधिकार न्याय र समानताका लागि निरन्तर सक्रिय रहेर योगदान गर्दै आएकोमा देश, जनता, सुशासन, विधि, पद्धति, सदाचार, सत्य र तथ्यको पक्षमा उभिएकोमा मलाई पार्टी सदसयबाट हटाउने केपी ओलीको निर्णय सत्ताको उन्मादमा गरिएको निरंकुश, स्वेच्छाचारी



र तानाशाही निर्णय हो। कतिपय भ्रष्ट, अनैतिक, फौजदारी मुद्दा लागेका, राष्ट्रिय एकता, अखण्डता, संस्कृति र एमालेविरोधी एवं बिचौलिया र दलालहरूको काखी च्याप्नेले देशभक्त इमानदार मानिसमाथि प्रहार गरेकोमा मलाई आश्चर्य लागेको छैन। सबै देशभक्त, न्यायप्रेमी, सुशासन, सुनिश्चित प्रणाली र जनताको समृद्धि र उज्यालो भविष्यप्रति इमानदार पार्टी कार्यकर्ता र जनसमुदायले केपी ओलीको अन्यायपूर्ण निर्णयको विरोध गर्नेमा म विश्वस्त छु।'

नेकपा एमालेको बुधबार बसेको सचिवालय बैठकले रावललाई पार्टी सदस्यबाट हटाउने निर्णय गरेको थियो। सो निर्णय निरंकुश र तानाशाही भएको रावलको आरोप छ। पूर्वउपाध्यक्ष रावलले लामो समयदेखि पार्टीको नीतिसँग असहमति राखेर आफ्ना विचार प्रकट गरिरहेका थिए। पार्टी सदस्यबाट हटेपछि रावल अहिले अलमलमा छन्। उनले देश दौडाहमा गएर आएपछि मात्रै निर्णय लिने बताएका छन्।

# ३९ देशका लागि अलग-अलग संसदीयमैत्री समूह गठन

**काठमाडौं/मस-** संघीय संसद् सचिवालयले ३९ वटा देशमा संसदीय मैत्री समूह गठन गरेको छ। बिहीबार ३९ वटा देशमा संसदीय मैत्री समूह गठन भएको हो। सो क्रममा सभामुख देवराज घिमिरेले गठित मैत्री समूहका संयोजकहरूसँग छलफल पनि गरेका छन्। सोही क्रममा सभामुख घिमिरेले समूहहरु ढिला बनेपनि यसलाई तिव्र गतिका साथ अगाडि बढाउनुपर्ने बताएका छन्। यस्तै, उनले कति देशमा समूहहरु नमिलेको भन्दै यस्ता कुराहरु छिटो मिलाएर जानुपर्ने बताए।



उनले भने, 'हामी पनि संसदका सदस्य हौ र हाम्रो समुह मैत्रीपूर्ण हो। व्याख्या धेरै तरिकाबाट गर्न सकिन्छ तर अहिलेलाई यसरी नै बुझ्दै जाँउ। यो समूह गठन ढिला भयो, ढिला भएपछि गति दिने कुरा त छँदै छ तर अहिले पनि मिलेन म अर्को मुलुकमा बस्छु भन्ने खालको कुराहरु आइरहेका छन्। यस्ता कुराहरु मिलाउने सन्दर्भमा छिटो मिलाएर जाउ भन्ने हो। ढिलो भएपनि पहिलो पटक यसरी छलफल गर्दैछौ।'

यसको साथै, १६ वटा समितिलाई पनि व्यवस्थापन गर्न समस्या भएको अवस्थामा मैत्री समूहहरुलाई सचिव दिने र छुट्टै कोठा दिने कुरा हाललाई सम्भव नभएको उनको भनाई छ।

उनले भने, 'हामीसँग भएका संसदीय समितिहरु दुईवटै सदनको गरेर जम्मा १६ वटा छन्। १६ वटालाई पनि व्यवस्थापन गर्न समस्या भएको अवस्था छ। मैत्री समूहहरुलाई सचिव दिने कुरा सम्भव छैन्। हाललाई, छुट्टै कोठा गर्ने त झनै सम्भव छैन्। एउटा कोठा तोकौ भन्दा पनि सम्भव छैन्।'

उनले सबै मुलुकसँग समन्वय गर्न सकिन्छ भन्ने आकांक्षा राखेर धेरै समूह बनाएको भन्दै यसलाई आवश्यकता अनुसार बढाउने र घटाउने बताए। मैत्री समूहहरुमा संयुक्त अरब इमिरेट्स, आउदी अरब, आयरल्याण्ड,ओमान, पोर्चुगल, थाइल्याण्ड, अमेरिका, फिनल्याण्ड, स्पेन, अष्ट्रेलिया, बहराइन, फ्रान्स, ब्राजिल, जापान, मलेसिया, बेलायत, बेल्जियम, रुस, उत्तर कोरिया, इजिप्ट, इजरायल, भारत, दक्षिण अफ्रिका, चीन, क्यानडा, क्यूबा, केन्या, अष्ट्रिया, श्रीलंका, स्वीटजरल्याण्ड, अजरबैजान, कतार, जर्मनी, नर्वे, भुटान, डेनमार्क, कमेडिया, कुवेत लगायत छन्। उक्त समूहका लागि संयोजक र सदस्यहरु तोकिएको छ।

# राष्ट्रिय एकताका लागि समावेशी शासन प्रणाली आवश्यक : संचारमन्त्री



काठमाडौं/मस-सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले समावेशी समाज निर्माणले राष्ट्रिय एकता कायम गर्न महत्वपूर्ण भूमिका निवार्ह गर्ने बताएका छन्। सञ्चार मन्त्रालयमा बिहीबार आयोजित एक कार्यक्रममा गोरखापत्र संस्थानले सुरु गरेको वाम्बुले राई भाषाको उद्घाटन गर्दै मन्त्री गुरुङले समावेशी सिद्धान्तलाई राजनीतिमा मात्रै नभइ समाजका हरेक क्षेत्रमा लागू गर्नुपर्ने बताए। संविधानले मुलुकका सबै क्षेत्रको प्रतिनिधित्व रहने इन्द्रेणीको जस्तै रंगीन एवं सहभागितामूलक समाजको परिकल्पना गरेकाले सोहीअनुसारको संघीय शासन प्रणालीका पक्षमा समग्र राज्य एक हुनुपर्ने धारणा व्यक्त गरे।

'यो मुलुक सबैको साझा हो, समावेशीले हरेक समुदायमा अपनत्व महशुस गराउछ', उनले भने, 'राष्ट्रिय एकताका लागि पनि देशमा समावेशी शासन व्यवस्था हुन जरुरी छ।' गोरखापत्र संस्थानका कार्यकारी अध्यक्ष विष्णुप्रसाद सुवेदीले सबै पक्षको अपनत्व महशुस होस् भन्ने उद्देश्यका साथ २०६४ सालदेखि सुरु भएको नयाँ नेपाल शीर्षकको बहुभाषी प्रकाशनअन्तर्गत अहिलेसम्म ४५ वटा भाषाका समाचार सामग्री गोरखापत्रमा आउने गरेको जानकारी दिए।

यसैगरी महाप्रवन्धक लालबहादुर ऐरीले गोरखापत्र राष्ट्रिय दैनिकमा भाषाभाषीको संख्या थप हुँदै गएको सन्दर्भमा अब गुणस्तरतर्फ ध्यान दिनुपर्ने समय आएकाले त्यसका लागि आर्थिक सहयोग वृद्धि गरिदिन मन्त्रालयसँग अनुरोध गरे। वाम्बुले भाषा समाजका अध्यक्ष गजुरधन राईले मुलुकका सबै भाषाभाषीको संरक्षण एवं सम्वर्द्धन गर्ने दायित्व राज्यको रहेको उल्लेख गर्दे लोपोन्मुख अवस्थामा रहेको वाम्बुले भाषा बचाउने अभियानमा समाज सक्रिय रहेको बताए।

कवि एवं गीतकार व्याकुल माइलाले पछिल्लो समय राज्यले विभिन्न भाषाभाषी एवं जातजातिको मागलाई सम्बोधन गर्नेगरी आवश्यक नीति तथा कार्यक्रम ल्याएकामा खुसी व्यक्त गर्दै यसले निरन्तरता पाउने विश्वास व्यक्त गरे।

## संघका प्रथम उपाध्यक्ष खत्रीलाई पितृशोक



काठमाडौं/मस- नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष डिकबहादुर खत्री (कुमार)लाई पितृशोक परेको छ। ओमेगा पावर माइन्ड प्रा. लि.का संचालकसमेत रहेका व्यवसायी खत्रीका पिता तिलक के. सी.को बिहीबार आफ्नै निवास भक्तपुरमा ७६ वर्षको उमेरमा निधन भएको हो।

स्व. खत्रीका श्रीमती, ३ छोरी र २ छोरा छन्। उच्च रक्तचाप र दम रोगबाट केही महिनादेखि बिरामी अवस्थामा रहेका स्व. के. सी.को बिहीबार नै पशुपति आर्यघाटमा धार्मिक विधिअनुसार अन्त्येष्टि गरिएको छ। पशुपति आर्यघाटमा स्व. के. सी.को अन्तिम श्रद्धाञ्जलिका लागि संघका पदाधिकारीहरू, सदस्यहरू, वैदेशिक रोजगार व्यवसायीहरू, पत्रकारहरू तथा आफन्तजनहरूको उपस्थिति थियो।

# आचारसंहिता उल्लंघन गर्ने अनलाइन कालोसूचीमा

काठमाडौं/मस-प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता प्रतिकुल कार्य गरेको भन्दै थप दुई सञ्चारमाध्यमलाई कालोसूचीमा राखेको छ। पत्रकारिताको आवरणमा गलत काम गर्दै आएको, धम्क्याएको, सञ्चारमाध्यमको आधारभूत चरित्र र धर्म समेत पालना नगरेको उल्लेख गर्दै कालोसूचीमा राखी थप कारवाही गर्ने निर्णय काउन्सिलले गरेको हो। यसरी कालोसूचीमा थपिएको दुई अनलाइन सञ्चारमाध्यममा दियोपोष्ट डट कम र हेर्दाहेर्दै डट कम रहेको काउन्सिसलले वेवसाइटमार्फत सार्वजनिक गरेको छ।





दियोपोष्टले हुँदै नभएको विषय लेखि व्यक्तिको चरित्र हत्या गरेको, समाचारका नाममा धम्कीपूर्ण व्यवहार गरेको, बार्गेनिङ गरेको भन्दै काउन्सिलले विशेष अनुगमनमा राखेको थियो। उक्त अनलाइनविरुद्ध पछिल्ला चार महिना यता आठ वटा लिखित उजुरी परेको र त्यसमाथि काउन्सिलले पटक पटक आचारसंहिता अनुकुल काम गर्न निर्देशन दिएको थियो। त्यसलाई अटेर गरेपछि कालोसूचीमा राखेर थप कारवाही गर्ने निर्णय भएको थियो।

साथै हेर्दाहेर्दै डट कमले स्थानीय तहको चुनावको मौन अवधिका बेला भ्रमपूर्ण समाचारलाई ब्यानर बनाएको र हटाउनका लागि पटक-पटक निर्देशन दिँदा पनि अटेर गरेको थियो। दसैं यता मात्र काउन्सिलले यी दुईसहित विभिन्न नौ सञ्चारमाध्यमलाई आचारसंहिता उल्लंघन भएको ठहर गर्दै कालोसूचीमा राखेको हो।

आगामी दिनमा गल्ती नदोहोऱ्याउने, आचारसंहिताको पालना गर्ने भन्दै लिखित निवेदन परेपछि तीमध्ये एक सञ्चारमाध्यमको कारवाही फुकुवा समेत भएको काउन्सिलले जनाएको छ। आचारसंहिताको पूर्ण पालना गराइ स्वस्थ, मर्यादित र विश्वसनीय पत्रकारिता विकास गर्न यसअघि सर्वोच्च अदालत, उच्च अदालतसहितबाट भएका फैसला, नजिरसमेतका आधारमा काउन्सिलले मापदण्ड र कार्यविधि बनाई काम गर्दै आएको छ।

केही अनलाइन र युट्युव च्यानलले गरेका गलत काम र बेथिति रोक्न अभिमुखिकरण गराउनेदेखि आचारसंहिताको प्रावधान अनुसार कारवाही गर्न अदालतबाट आदेश जारी भएको थियो। सोही नजिरका आधारमा काउन्सिलले कार्यविधि बनाई पछिल्लो समय सक्रियता देखाइरहेको सद्भाव भड्काउने, अर्यादित र अश्लील सामग्री सम्प्रेषण नगर्न काउन्सिलले विज्ञप्तिमार्फत पटक-पटक आग्रह गर्दै आएको छ।

**अख्तियारमाथि...**

भन्दा बढी जग्गा नापजाँच गरी कायम गरिदिएका थिए। निवेदनमा माग नै नभएको जग्गासमेत व्यक्तिका नाममा कायम भएको भेटिएको थियो।

तर, मुख्य निर्णयकर्ता प्रमुख नापी अधिकृत र मालपोत प्रमुखलाई अनुसन्धानको दायरामा नल्याई जग्गावाला र फिल्ड नापजाँच गर्ने प्राविधिक कर्मचारीलाई मात्र अभियोजनकर्ताले प्रतिवादी कायम गरी अख्तियारले मुद्दा दायर गरेको भनेर यो मद्दामा अदालतले प्रश्न उठाएको हो।

विशेष अदालतले ललितपुरको कर्मनाशा खोलाको जग्गा व्यक्तिको नाममा दर्ता गरेको विषयमा समेत अख्तियारले पूर्ण अनुसन्धान नगरेको भनेर पुन: अभियोजन गर्न आदेश थियो थियो। १५ माघ २०८० मा विशेष अदालतले अख्तियारको अभियोजनमाथि प्रश्न उठाउँदै पुन: अभियोजन गर्न आदेश हो।

स्थानीय सरकारको संवैधानिक अधिकारको ख्याल नराखी भ्रष्टाचार मुद्दा दायर गरिएको भनेर पनि विशेष अदालतले प्रश्न उठाएको छ।

स्थानीय तहलाई प्राकृतिक स्रोत साधन निकासीमा कानुन बनाई कर निर्धारण गर्ने संवैधानिक अधिकार रहेको छ। यो अधिकारको प्रयोग गर्दै कर असुली गर्न भूमिका खेलेका जनप्रतिनिधिलाई विशेष अदालतले मुद्दा चलाएको भनेर पनि अख्तियारमाथि प्रश्न उठाएको छ।

यही तर्क गरेर विशेष अदालतले ललितपुरको गोदावरी नगरपालिकाको मेयर गजेन्द्र महर्जनसहित १४ जनालाई सफाइ दिएको थियो।

संविधानले नै आर्थिक अनियमितताको विषयमा अनुसन्धान गर्ने जिम्मेवारी अख्तियारलाई दिएको छ। अख्तियारले विशेष अदालतमा मुद्दा दर्ता गर्छ। तर, संविधानप्रदत्त अधिकारको प्रयोग गर्दा अख्तियारले निष्पक्षता कायम गर्न नसकेको भनेर एकपछि अर्को मुद्दामा विशेष अदालतले प्रश्न उठाउन थालेको हो। यसले सुशासन स्थापनामै चुनौती खडा गर्न सक्ने सरोकारवालाहरूको चिन्ता छ।

**मूर्तिमा...**

आएका थिए। पहिले जस्तो ब्यापार नभएपछि उनी बाबुको व्यवसाय भाइलाई जिम्मा लगाएर वैदेशिक रोजगारीका लागि गत बर्ष साउदी पुगे। हाल माहिलो छोरा नितेशले उक्त मूर्तिकला केन्द्र चलाउँदै आएका छन्।

'बुबा, आमा, दाइ सबै जना आफ्नो हातको सीप प्रयोग गरिरहनुभएको छ। व्यस्त धेरै देखेपछि मलाई अन्य पेसामा जान मन लागेन', नितेश भन्छन्, 'बुढा हुनुभएको बाबु दिनरात मिहिनेतका साथ काम गरिरहनुभएको छ, समयमै अर्डर दिन नसकिरहेको अवस्थामा मैले कसरी अन्त काम गर्नु ? मनले मानेन त्यसैले बुबाकै व्यवसायमा सहयोग गर्छु भनेर यतै सुरु गरें।'

पुरानो मान्छे पुरानो ठाउँ भएकाले २ वर्षअघिसम्म उनीहरूलाई काम लिन बजार धाउनु भने परेको थिएन। पुरानो मान्छे भएकाले ग्राहकहरू खोजीखोजी आउँथे। सिजनमा भ्याई नभ्याई हुने गरेको मूर्तिकला केन्द्रमा गत वर्षदेखि भने ब्यापारमा नराम्ररी मन्दी लागेको नितेश बताउँछन्।

'विगतका वर्षहरूमा विश्वकर्मा तथा सरस्वती पूजाका लागि लाखौंको मूर्ति अर्डर आउने गर्थ्यो तर यो पटक कुनै अर्डर आएन', नितेश भन्छन्, 'विश्वकर्माका लागि ६५ वटा मूर्ति बनाएका थियौं, ६ वटा अझै बाँकी छन्। अब सरस्वती पूजाका लागि मूर्ति बनाउन व्यस्त छौं।'

मेहेतो परिवारले केन्द्रको भाडा वर्षको १ लाख १० हजार तिर्नुपर्छ। मूर्तिकलाको व्यवसायले १० जनाको परिवार पाल्न र भाडा तिर्न भने मज्जाले पुगिरहेको उनीहरू बताउँछन्।

मूर्ति निर्माणका लागि आवश्यक पर्ने कच्चा पदार्थको रूपमा माटो, पराल, सुत्ली (सनपाटको डोरी) काँटी, सजावटको कपडा, मुकुट कपाल जस्ता विभिन्न प्रकारका नक्कली गहनाहरू भारतको सिलगुडीबाट ल्याउने गरेको नितेश बताउँछन्।

'पराल त यही ठेलाले ल्याइदिन्छ', माइला छोरा नितेशले भने, 'मूर्तिमा लगाउने सम्पूर्ण शृंगारका सामग्री र रडहरू भने सिलगुडीबाट ल्याउने गरेका छौं।'

कतिपय ग्राहकहरू मूर्ति बनाउन अर्डर दिएर जान्छन् तर फर्केर आउँदैनन्। त्यस्तो अवस्थामा भने उनीहरूलाई निकै असहज अवस्था सिर्जना हुने गरेको छ। 'सुरुमै सम्पूर्ण रकम लिन सकेको खण्डमा सबै समयमै आएर आफ्नो अर्डर लानुहुन्छ', नितेश भन्छन्, 'थोरै एडभान्स लिएर काम गर्दा सामान खरिद गर्ने अन्य पैसा थप्नुपरेको हुन्छ, त्यसमाथि सामान लिन नआइदिँदा हामीलाई धेरै अप्ठ्यारो पर्ने गरेको छ।'

कोरोनाको समयमा भने केही असहज अवस्था आएको नितेश सुनाउँछन्। भन्छन्, 'कोरोनाको समयमा सन्त्रासका कारण सार्वजनिक स्थलमा त्यो समय पूजापाठ, चाडपर्व मनाउने लगभग सबै ठप्प जस्तै नै थियो, त्यसैले त्यो बेला भने गुजारा चलाउन केही कठिन महसुस भएको थियो।' पनि भएको बताउँछन्। भन्छन्, 'आफ्नो सुझबुझले भ्याएदेखि यही भगवान्को मूर्ति बनाएर बसेँ, अब जतिन्जेल बाँच्छु, यही पेसा निरन्तर चल्छ, बाँचुन्जेल यही मूर्ति बनाएर खान्छु।' कर्म सबैले गर्छन्। कर्म गर्नेहरू त्यही कर्मलाई पूजा ठान्छन् तर दिनेशका लागि भने पूजा नै कर्म हो। बिहान उठेर नित्य कर्म सकेपछि उनको दैनिकी यही मूर्ति बनाउने कलाबाट सुरु हुन्छ र दिनको अन्त्य पनि।

यही मूर्तिकला नै आफ्नो संसार भएको बताउने दिनेश भन्छन्, 'जेठो छोरो नै ४० कटिसक्यो, त्यसबेलादेखिको संघर्ष अहिलेसम्म पनि उस्तै नै छ तर संघर्षले थकान दियो तर पीडा भने कहिल्यै दिएन है !'

मेहेतोको १० जनाको परिवारको सबै आर्थिक भार थेग्दै आएको छ मूर्तिकला व्यवसायले। सुरुसुरुमा एक्लैको सीपले जेनतेन परिवार पाल्दै आएका मेहेतो छोराहरू ठूला हुँदै गएपछि कहिल्यै पछाडि फर्केर हेर्नु नपरेको बताउँछन्।

पहिले दिनेशकी श्रीमतीले पनि काममा हात बटाउन सहयोग गर्न मूर्तिकला केन्द्र आउने गर्थिन्, पछि छोराहरूले सीप सिकेपछि आमालाई घरमै बस्न भन्न थापछि भने उनी घरमै बस्दै आएकी छन्।

बेलाबेला आफ्नो मूर्तिकला केन्द्र जान्छिन्, आफूले जानेको सीप प्रयोग गरेर सामान बनाउँछिन्। उनको हातले बनाएको चुलो धेरै विक्री हुन्छ, त्यो चुलो बेचेर कमाएको पैसाले उनले आफ्नो खर्च बेर्होदै आएकी छन्।

दिनेशका ३ छोरा र १ छोरी छन्। विवाह गरेर गइसकेकी छोरी आफ्नै घर गृहस्थीमा रमाइरहेकी छन्। जेठो छोरा राकेश पहिलेदेखि नै बाबुको सीपलाई सिकेर बाबुकै केन्द्रको काम सम्हाल्दै

**अब...**

परियारका अनुसार विपक्षी दलसँग छलफलका लागि मुख्य जिम्मेवारी कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे र एमालेका मुख्य सचेतक महेश बर्तौलालाई दिइएको छ।

नेताहरूका अनुसार संसद्मा विधेयक अड्किने अवस्था अन्त्य गर्न भनेर ३ वटै नियमावली संशोधन गर्ने साझा निष्कर्षमा सत्तारूढ कांग्रेस र एमाले पुगेका हुन्।

प्रस्तावित समय सीमाअनुसार कुनै नयाँ विधेयक प्रतिनिधिसभाको समितिमा आइपुगेको अवस्थामा त्यस्तो समितिले बढीमा ९० दिनभित्र टुंगो लगाउनुपर्ने उल्लेख छ। संशोधन विधेयक भए ६० दिनभित्र समितिले टुंगो लगाउनुपर्ने अन्यथा स्वत: अगाडि बढाउन बाधा नपर्नेगरी समय सीमा तोक्ने विषयमा पनि २ दलका बीचमा समझदारी बनेको छ।

२०७६ सालमा संसद्मा दर्ता भएका विधेयक २०८१ सालसम्म टुंगिन नसकेकाले नियमावलीबाट समाधान खोज्न खोजिएको नेताहरू बताउँछन्।

भ्रष्टाचार निवारण ऐनलाई संशोधन गर्न बनेको विधेयक र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको संशोधन विधेयक २०७६ सालमा संसद्मा आएको थियो। तर, ५ वर्ष बित्दा पनि दुवै विधेयकलाई संघीय संसद्ले पास गर्न सकेको छैन। यी दुवै विधेयक राष्ट्रियसभाबाट पारित भएर प्रतिनिधिसभामा आएको छ। हाल प्रतिनिधिसभाअन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलमा छ।

बिहीबार राज्य व्यवस्था समितिको बैठकमा कांग्रेसका प्रमुख सचेतक घिमिरेले विधेयक पारित गर्न समय सीमाबारे छलफल चलिरहेको र यो आवश्यक रहेको जानकारी दिएका थिए।

'कानुन निर्माणको सन्दर्भमा समय सीमा तोकेर जाऔं। यसबारे छलफल चलिरहेको छ। अब नियमावलीमा परिवर्तन गरेर छिटो विधेयक पारित गर्नेतिर लागौं', घिमिरेले भनेका थिए।

**रहेनन्...**

उनको मृत्यु भएको अस्पतालले घोषणा गरेको थियो।

सिंह भारतीय राष्ट्रिय कंग्रेसबाट २ पटक भारतको प्रधानमन्त्री भए। उनी सन् २००४ देखि २०१४ सम्म भारतको प्रधानमन्त्री थिए।

उनी सन् १९९१-९६ सम्म भारतको अर्थमन्त्री थिए। त्यतिबेला पीवी नरसिंह राव देशको प्रधानमन्त्री थिए। नरसिंह रावलाई देशमा आर्थिक उदारीकरणका पिता मानिन्छ। मनमोहन सिंहले आफ्नो नीति कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेलेका थिए।

सिंहको निधनमा भारतका राष्ट्रपति तथा प्रधानमन्त्रीसहित शीर्ष नेताहरुले श्रद्धान्जली व्यक्त गरेका छन्।

**मेडिकल...**

सरकारले विगतको सिन्डिकेट अन्त्य गर्ने निर्णय गरेको दाबी गर्दै नेपालमा सिन्डिकेटलाई निरन्तरता दिन शक्तिको आडमा चलखेल भइरहेकाले त्यसको विरुद्धमा उभिएको दाबी गरे। उनले भने, 'सिन्डिकेट अन्त्य गरी सूचीकृत सबै स्वास्थ्य संस्थाले सबै मुलुकमा वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने वातावरण बनाउन पटकपटक माग गर्दासमेत सरकारी पक्षबाट बेवास्ता गरिएको छ।'

संघले गुणस्तरीय सेवाको सुनिश्चितताका लागि वैदेशिक रोजगार ऐन, २०६४ मा समय सापेक्ष परिमार्जन गरी प्रणालीमा सुधार गर्नुपर्ने मागसमेत गरेको छ। महासचिव बजगाईंले सबै देशको स्वास्थ्य परीक्षण शुल्क वैज्ञानिक ढंगले निर्धारण गरी एकरूपता कायम गरिनुपर्ने माग गरे। उनले वैदेशिक रोजगारीमा जाने श्रमिकको स्वास्थ्य परीक्षण गर्ने सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा एकै किसिमको सफ्टवेयर प्रणाली अनिवार्य रूपमा लागू गर्नुपर्ने मागसमेत गरे।

त्यसैगरी सबै स्वास्थ्य संस्थामा अनलाइनमार्फत नाम दर्ता (अनलाइन एपोइन्टमेन्ट) गरी स्वास्थ्य परीक्षण गर्न मिल्ने व्यवस्था मिलाउन पनि संघले माग गरेको छ।

# घुससहित पक्राउ परेका प्रनानिविरुद्ध मुद्दा दायर


**काठमाडौं/मस-** अख्तियार दुरुपयोग अनुसन्धान आयोगले घुससहित पक्राउ परेका जिल्ला ट्राफिक प्रहरी कार्यालय रोल्पाका प्रहरी नायब निरीक्षक ललितकुमार बुढाथोकीविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको छ।

बुढाथोकीले सवारीसाधन आवतजावत गर्न सहजीकरण गरिदिएबापत घुस लिइरहेको भन्ने सूचनाका आधारमा आयोगको सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिएको टोलीले सेवाग्राहीबाट रु २५ हजार घुस लिइरहेको अवस्थामा नियन्त्रणमा लिएको थियो। उनीविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरिएको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए।

निज बुढाथोकीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु २५ हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय माग दाबी लिई विशेष अदालत, काठमाडौंमा आरोप-पत्रदायर गरिएको आयोगले जनाएको छ।

# नारायणी अस्पतालका बिग्रिएका उपकरण आविष्कार केन्द्रले मर्मत गर्ने

**पर्सा/मस-**नारायणी अस्पतालका बिग्रिएका औजार तथा उपकरण राष्ट्रिय आविष्कार केन्द्रले मर्मतसम्भार गर्ने भएको छ। नारायणी अस्पतालका मेडिकल सुपरीटेन्डेन्ट (मेसु) डा.चुमललाल दास र राष्ट्रिय अविष्कार केन्द्रका बायोमेडिकल चिफ उमेश किरातबीच यसका लागि समझदारीपत्रमा बिहीबार हस्ताक्षर भएको हो।



'केन्द्रले अस्पतालका भएका उपकरणहरुको आवश्यक अध्ययन गरेर मर्मतसम्भारको कार्य गर्नेछ' उनले भने। अस्पतालका अनुसार अस्पतालमा डेढसयभन्दा धेरै औजार तथा उपकरण छन्। मेसु दासले तत्कालै मर्मतसम्भार गरेर चल्नसक्ने खालका उपकरण तथा औंजारलाई पहिलो प्राथमिकतामा राखेर मर्मतसम्भार गरिने बताए।

नारायणी अस्पताल विकास समितिका अध्यक्ष धीरजकुमार गुप्ताले अस्पताल र केन्द्रबीचको सम्झौताले अस्पतालमा रहेको चिकित्सा उपकरणको समयमै मर्मत सम्भार सुनिश्चित गरी सेवाको गुणस्तरमा सुधार आउने बताए। 'केन्द्रले अस्पतालका उपकरणको मर्मत सम्भारमा आवश्यक प्राविधिक सहयोग र तालिम प्रदान गर्नेछ' उनले भने,'यस कदमले नारायणी अस्पतालको स्वास्थ्य उपकरण समयमै सुधार हुने र जनताको सहज पहुँचमा सकारात्मक प्रभाव पर्ने विश्वास लिइएका छौं।'

# जलवायु परिवर्तनका चुनौतीको सामना गर्न सबै जुट्नुपर्छ : प्रधानमन्त्री



**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका सबै संस्था र व्यक्ति एकजुट भएर जलवायु परिवर्तनका चुनौतीको समाधानमा जुट्नुपर्ने बताएका छन् । वन तथा वातावरण मन्त्रालयद्वारा बिहीबार आयोजित २९औं विश्व जलवायु सम्मेलनको समीक्षा कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले हावा र प्रकृतिलाई स्वच्छ राख्न अरु विषयमा बेमेल भइरहेका मुलुक पनि एक भएर लाग्नुपर्नेमा जोड दिए ।

सरकारले जलवायु परिवर्तनको चुनौतीको सामना गर्ने कामको नेतृत्वसहित जलवायु वित्तको व्यवस्था गर्ने जनाउँदै उनले जमिन सुख्खा हुँदै जाँदा कृषि क्षेत्रलाई प्रतिकूल असर पार्ने भएकाले वन जंगलमा डढेलो लाग्न नदिन वन मन्त्रालय र सञ्चार मन्त्रालयले जागरण फैलाउनुपर्ने तथा मानव निर्मित वातावरण प्रदूषण रोक्न हरेक समुदाय सचेत हुनुपर्नेमा जोड दिए ।

उनले भने, 'हामीले ग्लोबल वार्मिङका लागि कुनै त्यस्तो योगदान गरेका छैनौँ तर त्यसको मार खेप्न बाध्य भएका छौँ । नबिराएको काममा सजाय भोग्नुपरेको छ । नेपाल प्रभावित हुनु हाम्रो मात्रै होइन यो ग्लोबल मुद्दा हो । हिमालय जलवायुको मुद्धा हिमालको मात्रै होइन, हिमालसँग विश्वको वार्मिङ सिस्टम जोडिएको छ । हावालाई चिसो पार्ने क्षमता हिमालसँग छ । यस क्षमताको ह्रास हुन जलवायु चुनौती हो । त्यसकारण हामीले हिमालदेखि समुद्रसम्म रक्षाको अवधारणामा जानुपर्छ ।'

नेपाललाई जलवायु क्षतिपूर्ति दिइनुपर्छ भन्ने कुरा आफूले संयुक्त राष्ट्रसंघको ७९ औं महासभामा पनि राखेको स्मरण गराउँदै प्रधानमन्त्री ओलीले यस धर्तीको वातावरण रक्षाका लागि नेपालले १७ प्रतिशत भूभाग संरक्षित गरेको जनाए । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन प्रारुप महासन्धीका पक्ष राष्ट्रहरुको २९ औं सम्मेलन गत कात्तिक २६ गतेदेखि मंसिर ७ गतेसम्म अजरबैजानको बाकुमा भएको थियो । सम्मेलनमा नेपालको सहभागिता र आगामी दिनमा जलवायु परिवर्तनका क्षेत्रमा नेपालले लिनुपर्ने कदमका सम्बन्धमा समीक्षा गरिएको हो । उक्त सम्मेलनमा राष्ट्रपति रामचन्द्र पौडेलको नेतृत्वमा नेपाली प्रतिनिधिमण्डलले भाग लिएको थियो ।

कार्यक्रममा गृहमन्त्री रमेश लेखक, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, परराष्ट्रमन्त्री डा.आरजु राणा देउवा, वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरी, संघीय सांसदहरु, संयुक्त राष्ट्रसंघका आवासीय प्रतिनिधि, नीति निर्माता र स्थानीय तहका जनप्रतिनिधिसमेतको सहभागिता थियो ।

# सहकारी प्रकरणको अनुसन्धान स्वतन्त्र रूपमा अघि बढेको छ : उपप्रधानमन्त्री सिंह

**चितवन/मस–** उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले कानुन सबैका लागि बराबर भएको बताएका छन् । नेपाल प्रेस युनियन चितवनले बिहीबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उपप्रधानमन्त्री सिंहले सहकारी प्रकरणको अनुसन्धान कानुनीरुपमा स्वतन्त्ररुपमा अघि बढेको बताए । 'कानुन सबैका लागि समान हो । कानुनअनुरुप हुनुपर्ने हुन्छ,' उनले भने ।

उपप्रधानमन्त्री सिंहले संविधान संशोधनका लागि संसद्मा रहेका सबै दलसँग परामर्श भइरहेको बताए । उनले भने, 'संविधान संशोधन गर्न निश्चित विधि र प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । एउटा पार्टीले गरेर मात्र हुँदैन । यो काम संसद्मा रहेका सबै दलसँगको परामर्शमा दुई तिहाइ बहुमतबाट गर्नुपर्ने हुन्छ ।'

अहिलेको सरकारले अघिल्ला सरकारहरुले गरेका कामलाई विशेष ध्यान दिँदै व्यवस्थित गरेर अघि बढेको उपप्रधानमन्त्री सिंहको भनाइ थियो । अहिलेको गठबन्धन आगामी निर्वाचनसम्म रहनेमा जोड दिँदै उनले कांग्रेस र एमालेबीचको समझदारीअनुसार सरकार अघि बढेको बताए ।

फरक प्रसंगमा उपप्रधानमन्त्री सिंहले मेला महोत्सवबाट देशको अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने बताए । उनले भने,'निजी क्षेत्रले गरेका यस्ता कार्यक्रमलाई सरकारले सहयोग गर्नुपर्छ भन्ने हाम्रो मान्यता हो ।'

## Parshuram Municipality
## Office of Municipal Executive
### Jogbuda, Dadeldhura

## Invitation for Electronic Sealed Quotations

**First Date of Publication: 2081/08/24 (2024/12/09)**
**Second Date of Publication: 2081/09/12 (2024/12/27)**

1. Parshuram Municipality Office of Municipal Executive, Jogbuda, Dadeldhura invites electronic sealed quotations from registered Suppliers for the following contract.

| S. N. | SQ No. | Description of Work | Bid Security Amount (NRs.) | Price of Bid. Document (NRs.) |
|---|---|---|---|---|
| 1. | 01/GOODS/SQ /PM/2081/082 | Procurement, Supply And Delivery of Health Medicine | 55,000 | 1,000 |

2. Eligible Bidders may obtain further information at the office of Parshuram Municipality, Jogbuda, Dadeldhura, Email: parshurammun@gmail.com , Phone No.: 096-411004 or inspect the Bidding Documents through PPMO website www.bolpatra.gov.np.

**Chief Administrative Officer**

## Invitation for Bids
## Triveni Municipality
## Office of Municipal Executive
### Toli, Bajura

## Invitation for Bids No.: TM/NCB/W/01/081-82

**Date of publication: -2081/09/12**

1. Triveni Municipality invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of ward office building ward no 2 Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRs) 9,728,499.91 (Inclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of Triveni Municipality Sudoor Pachism Province, Nepal or may visit PPMO website www. bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank : Nepal Bank Ltd.**
   **Name of Office : Triveni Municipality, Bajura**
   **Office Account no. : 26803000001001000001**
   **Rajaswa (revenue) Shirshak no.: 14229**
   **Office Code No : 80769401300**
4. Sealed or electronic bids must be submittd to the office Triveni Municipality Toli Bjaura Sudurpaschim Province, Nepal by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp on or before 2081/10/13 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2081/10/13 13:00 at the office of Triveni Municipality, Bajura, Toli Bajura Sudoor Pachism Province, Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 250,000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

# ज्येष्ठ नागरिकलाई ब्ल्यांकेट

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ११ पुस



बझाङको वित्थडचिर गाउँपालिका- ४ का ज्येष्ठ नागरिकलाई ब्लाङ्केट वितरण गरिएको छ । बझाङ लगायत सुदुरपश्चिम प्रदेशका हिमाली जिल्लामा चिसोले जनजीवन प्रभावित भएपछि उनीहरूलाई ब्लाङ्केट वितरण गरिएको हो । ७० वर्ष भन्दा माथिका १ सय २५ जना ज्येष्ठ नागरिकलाई ब्लाङ्केट वतरण गरिएको वडासचिव उमेशराज जोशीले बताए । निरन्तर चिसोबाट प्रभावित भएका वृद्धवृद्धाका समस्यालाई मध्यनजर गर्दै वडाभित्र ब्लाङ्केट वितरण गरिएको वडाअध्यक्ष कलक बोहराले बताए ।

'ज्येष्ठ नागरिकप्रति सम्मान गर्ने संस्कार बसाल्न जाडोमा ब्लाङ्केट वितरण गरेका हौं', वडाअध्यक्ष बोहराले भने । ज्येष्ठ नागरिकको सम्मानका लागि वर्षमा एकपटक यस्ता कार्यक्रम सञ्चालन गरिने उनले जानकारी दिए । ज्येष्ठ नागरिकका लागि स्थानीय सरकार भरोसा बन्दै गएको उपाध्यक्ष धनलक्ष्मी मल्लले बताइन् । कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटी सदस्य गोविन्द्र ढाँट, वडा सदस्य नरेन्द्र ढाँट र अस्मिता कुमारी चुनारा लगायत स्थानीय सरोकार राख्ने प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## आजदेखि मौसम पुनः बदली, वर्षासहित हिमपातको सम्भावना

**काठमाडौं/मस–** आज शुक्रबार दिउँसोबाट देशका अधिकांश स्थानमा वर्षा हुने सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागले जनाएको छ । पश्चिमी न्यून चापीय प्रणालीका कारण शुक्रबार दिउँसोबाट शनिबारसम्म पानी पर्ने सम्भावना बढेको हो ।

शुक्रबार र शनिबार सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका अधिकांश स्थानहरूमा तथा गण्डकी प्रदेश, बागमती प्रदेश र कोशी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानहरूमा हल्कादेखि मध्यम हिमपात हुने सम्भावना रहेको विभागले जनाएको छ ।

साथै सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका धेरै स्थानहरू र लुम्बिनी प्रदेशका केही स्थानमा हल्कादेखि मध्यम वर्षा तथा गण्डकी प्रदेश, बागमती प्रदेश, मधेश प्रदेश र कोशी प्रदेशका थोरै स्थानहरूमा हल्का वर्षाको सम्भावना रहेको विभागले उल्लेख गरेको छ ।

उक्त मौसम प्रणालीको असरले तापक्रम समेत घट्न गई चिसो बढ्न सक्ने सम्भावना रहेको समेत विभागले विशेष सूचनामार्फत् सूचित गरेको छ । विभागले वर्षा, हिमपात तथा चिसोका कारण दैनिक जनजीवन, स्वास्थ्य, पर्वतारोहण, हवाई/यातायात लगायत दैनिक जनजीवनमा समेत असर पर्न सक्ने देखिएको भन्दै आवश्यक सतर्कता तथा पूर्व तयारी अपनाउनअनुरोध गरेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७३/०९/२० मा दर्ता भएको मु.वि.न. १६१२८० को **ह्याप्पी हुमेन फाउन्डेशन** नामक कम्पनीले दर्ता खारेज गरिपाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीले कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

VACANCY ANNOUNCEMENT
A leading foreign recruitment agency is seeking the following position urgently.
Salary Negotiable
Public Relation Officer(PRO) - 5 (Male/ Female)
2 to 3 Years Experienced in Manpower Fields.
Saudi, Kuwait . Malaysia document khojana sakne.
9761746298, 9823185486 cdhr004@gmail.com
C.D. HUMAN RESOURCES PVT. LTD. Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834
Fax: 4486263, URL : www.cdhr.com.np

कुवेतमा रोजगारको अवसर
कम्पनी: BRILLO BEAUTY SALON FOR LADIES CO. शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०९/११ चलानी नं.: ६०२३०३०४ LT. No.: 316003

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 5 | सम्बन्धित काममा दक्ष | 150 | ६६,२२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Manicure/pedicure | 0 | 5 | | 150 | ६६,२२७ | | | | | | | |
| 3. | Nail Technicians | 0 | 5 | | 150 | ६६,२२७ | | | | | | | |

कम्पनी: RENAD SWEETS AND PASTRIES COMPANY शहर: KUWAIT पूर्व स्वीकृत मिति: २०८१/०९/११ चलानी नं.: ६०२३०३०५ LT. No.: 316004

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bakery Chef | 6 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६६,२२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Driver | 3 | 0 | | 150 | ६६,२२७ | | | | | | | |
| 3. | Restaurant (Kitchen Helper) | 7 | 5 | | 135 | ५९,६०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १९ गते (3 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

साउदीमा रोजगार
कम्पनी: TAAQAAT TCHNICAL CO. FOR CONTRACTING शहर: Saudi Arabia
पूर्व स्वीकृत मिति: २०८१/०९/११ चलानी नं.: ६०२३०३१० LT. No.: 316218

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Warehouse Workers | 2 | 0 | स. काममा दक्ष | 1000 | ३६,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १९ गते (3 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

क्लासिक ओभरसिज मेनपावर प्रा. लि.
Govt.Lic. No. 357/059/060
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४४६५७५३, फ्याक्स: ०१-४४६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np

कुवेतमा रोजगार
कम्पनी: heavy engineering industry and shipping co देश : Kuwait
पूर्व स्वीकृत मिति: २०८१/०२/०५ चलानी नं.: ६०२१९६४८ LT. No.: 304789 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer | 1 | 0 | स. काममा दक्ष | 100 | ४४,१५१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष १९ गते (3 January 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर भ्लेक्स आदि पूर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौं ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our Office premises.
बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस । ४. विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५. विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफसँग राख्नुहोला ६ कामामा विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस बिज्ञापन सम्बन्धमा थप केहि बानुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

Vision & Value Overseas Pvt. Ltd.
License No.: 822|066|067
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu.
Mobile: 9767659357, 9767659356, 9767659358, 9863194834, 9863194832
Email : apply@vnvnepal.com | Website: vnvnepal.com

## भंगहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### भंगहा, महोत्तरी
### मधेश प्रदेश, नेपाल

## खरिद कारवाही रद्ध गरिएको सम्बन्धमा

**प्रथम पटक प्रकासित मितिः २०८१/०९/१२**

प्रस्तुत विषयमा मिति २०८१/०८/१० गते मध्यान्ह दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित सूचना अनुसार **"Construction of 10 Bed Hospital"** ठेक्का नं: **BM/NCB//W/081-82/01** र **"Construction of Durga Temple"** ठेक्का नं: **BM/NCB//W/081-82/02** को मिति २०८१/०९/११ गते बसेको कार्यपलिकाको बैठकले सम्पूर्ण खरिद कारवाही रद्ध गर्ने निर्णय गरेको हुदा सोहि बमोजिम खरिद कारवाही रद्ध भएको ब्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

**नि.प्रमुख प्रशासकीय अधिकृत**

सम्पादकीय

# राजनीतिले लिनुपर्ने कोर्स

नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले पार्टीहरूभित्र वैचारिक बहसभन्दा बढी गठबन्धनको कुरा हुने गरेको सार्वजनिक अभिव्यक्ति दिएका छन् । माओ दिवसको अवसरमा राजधानीमा आयोजित एक कार्यक्रममा शर्माले दिएको अभिव्यक्ति समकालीन राजनीतिमा अर्थपूर्ण छ । अझ शर्मा माओवादीभित्र बलियो प्रभाव राख्ने नेता भएकाले उनको अभिव्यक्तिलाई अनुभवहरूको निष्कर्षका रूपमा समेत बुझ्न सकिन्छ । निकट विगतका घटनाक्रमहरूले पनि शर्माकै अभिव्यक्ति पुष्टि हुन्छ । हामीले देखेका छौं– एउटा सत्ता समीकरणबमोजिम प्रदेशसम्म सरकार बनिसकेको हुँदैन, अर्को समीकरणको गृहकार्य सुरू हुन्छ । २०७९ मंसिरको निर्वाचनपछि नै ४ वटा सत्ता समीकरण परिवर्तन भएका छन् भने २ जना प्रधानमन्त्री भएका छन् । निर्वाचनलगत्तै प्रधानमन्त्री भएका माओवादी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नै ३ पटक सत्ता समीकरण फेरेका थिए ।

प्रचण्डलाई बिस्थापित गरेर नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री छन् । सामान्यतः ओली प्रधानमन्त्री बन्न बनाइएको जस्तो सत्ता समीकरण संसदीय अभ्यासमा हत्तपत्त गरिँदैन किनकि मुख्य २ दलमध्ये एउटाले सरकारको नेतृत्व गर्ने र अर्को प्रमुख प्रतिपक्षमा बस्ने अभ्यास प्रचलित छ । राज्यको शक्ति सन्तुलन कायम गर्न र वैकल्पिक सरकार दिन पनि मुख्य २ दल मिलेर सरकार बनाउन नहुने हो । तर, 'राजनीतिक स्थायित्वका निम्ति' भन्दै प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल नेपाली कांग्रेसको समर्थनमा दोस्रो दल नेकपा एमालेका अध्यक्ष ओली प्रधानमन्त्री छन् । यो सरकार पनि ढल्नेबारे बेलाबेला हल्ला भइरहन्छ, प्रधानमन्त्रीले बारम्बार सरकार नढल्ने अभिव्यक्ति दिइरहेका छन् ।

त्यसैले माओवादी नेता शर्माको अभिव्यक्ति अर्थपूर्ण छ । दलहरूमा वैचारिक बहसको बढीभन्दा बढी खाँचो छ । संविधानको सर्वोच्चता, विधिको शासन, जनउत्तरदायी सरकार र विचारमा आधारित राजनीति स्थापित गरिनुपर्छ । यद्यपि, माओ दिवसकै अवसरमा पनि नेताहरूले मोर्चाबन्दी एकता/विभाजनकै कुरा गरे । अनि, एकता/विभाजन, मोर्चाबन्दी गरिँदा सबै निर्णयको सार सत्ता स्वार्थ देखिँदै आएको छ । माओलाई आदर्श मान्ने माओवादी अहिले छिन्नभिन्न छन् । एमालेसहित अरू दलहरू पनि बेलाबेला फुट्दै/जुट्दै आएका छन् । तर, राजनीतिप्रति वितृष्णा बढिरहेको छ, नागरिकमा निराशा बढ्दो छ । तसर्थ, शर्मा र उनी जस्तै भाषा बोल्ने नेताहरूको निष्कर्षमा राजनीतिक कोर्स बढ्न जरूरी छ । 'कसैले पनि केही गर्दैन' भन्ने निष्कर्षले मात्र राजनीतिक निकास निस्कन सक्दैन ।

## सामाजिक सञ्जाल



**टीकाप्रसाद ढकाल**

शासन प्रबन्धमा विश्वास हासिल नगरी शासकले विदेश भ्रमणमा जोड दिनु हुँदैन । सहकारीको बचत फिर्ता, संविधान संशोधन, विश्वले हेरिरहेको संक्रमणकालीन न्याय, विकास निर्माणमा ठोस माइल स्टोन हासिल गर्नु सरकारको प्राथमिकता हुनुपर्ने हो । यिनमा अलिकति प्रगति हुँदा पनि छिमेकमा सम्मान मिल्छ ।



**सुदर्शन खतिवडा**

२०४६ पछिका सबैको सम्पत्ति छानबिन गरौं, नेता, प्रशासक, प्रहरी, न्यायाधीश सबका जो-जो दोषी छन्, सबैलाई कारबाही गरौं । अहिलेको आवश्यकता शक्तिशाली सम्पत्ति छानबिन आयोग बनाउनु हो । आयोग गठनमा सब एकजुट होऔं । यदि देशको विकास, जनताको निकासको समाधान गर्ने हो भने यो अन्तिम विकल्प हो ।



**डम्बर खतिवडा**

यो देशमा सम्पत्ति शुद्धीकरण कानुन लागू गर्ने हो भने सम्पत्तिको अभिलेख र अध्यावधीकरण, समग्र अर्थतन्त्रको औपचारिकीकरण, वास्तविक कारोबार आधारित कर प्रणाली, ३ दशकयताकै शासक वृत्तबाट छानबिन र अभियोजन सुरु हुनुपर्छ । अन्यथा छनोटपूर्ण अभियोजन र प्रतिशोधको हतियार बन्ने निश्चित छ ।



**निर्मल प्रसाई**

एमालेबाट बौद्धिक भीम रावल र बिन्दा पाण्डे आउट ! रास्वपाबाट बौद्धिक मुकुल ढकाल आउट ! माओवादीबाट बौद्धिक बाबुराम भट्टराई र वैद्य आउट ! बढी पढेलेखेका छौ भने आउट, सहकारी ठगेको वा नग्न डान्स बार संचालन गरेको वा कालोसूचीको ठेकेदार वा सार्वजनिक जग्गा हडपेका छौ भने सिधै मन्त्री ।

# वृद्धहरू बोझ होइनन्

देशमा कानुनको अभाव छैन, छ त केवल व्यवहारको र त्यसको कार्यान्वयनको । समाजमा ज्येष्ठ नागरिकहरु आज पनि उपेक्षित छन् । माया पाउन सकेका छैनन् । तिनको अनुभव, सीप, योग्यता र क्षमताको प्रयोग हुन सकेको छैन । समाज र घर परिवारबाटै पनि उपेक्षित छन्

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'




वृद्धहरू बोझका रूपमा देखिएका आभास हुन्छ । बिरामी, लालनपालनमा असहजता, सन्ततिको व्यस्तता, रोजगारी र अरू प्रगतिका लागि नयाँ पुस्ता विदेशिने क्रम बढेको र खासगरी लोककल्याणकारी राज्यले सबैलाई समान रूपमा उत्थान र संरक्षण गर्नुपर्ने भएकाले दायित्व बढ्दै गएको, भत्ता वितरण गर्नुपरेको, महँगीको मारजति राज्यले सम्बोधन गर्न नसकेको धेरै विषयहरू बोझिला हुँदै आएको सन्दर्भ छ वृद्धवृद्धाहरूका लागि ।

३४ वर्ष बढी भयो यसबारे दिवस मनाउन लागेको तर ज्येष्ठ नागरिकहरूका पीडा र पिरलो भने उस्तै छन् । प्रथमतः यसै आर्थिक वर्षदेखि तिनले खाईपाई आएको वृद्ध भत्ताका लागि तिनले ठूलो लडाइँ लड्नुपऱ्यो, राष्ट्रिय परिचयपत्र बनाउन युद्ध जितेजस्तै गरी जसले यो बनाए, भत्ता नवीकरण भयो, तिहारताका पैसा पाए पनि, जसको बन्न सकेन, पेन्सन रोकियो र यो भत्ता पनि ।

स्वपहिचानको नाम निशान नरहनेगरी तयार गरिएको यो परिचयपत्रलाई प्रचलित संविधानले चिन्दैन । अन्य कानुनले चिन्दैनन् । सर्वोच्चमा मुद्दा गयो, आदेश पनि भए धेरैवटा, यसलाई कार्यान्वयन नगर्नू भनेर तर विश्व बैंकको ऋणका कारण सरकार यसमा टसमस भएन । दर्जनौं आलेख, समाचार सम्प्रेषण गर्दा पनि सुनुवाइ भएन । यस अर्थमा वृद्धहरू देशका लागि अभिशाप देखिए ।

कानुन र समाज सबैले वृद्धहरूलाई सकेसम्म माया दिनुपर्छ भनेको छ । देशैभर गरिएका होलान् । यहाँ स्थानीय केही पालिकाहरूले बूढाबूढीहरूलाई मठ मन्दिर घुमाउने काम पनि गरेका छन् तर स्वास्थ्यको अवस्था नहेर्दा 'हाई अल्टिच्युड'मा परेर एक वृद्धको मृत्यु भएको पंक्तिकारलाई याद छ ।

